मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

राष्ट्रिय दैनिक
मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

ग्राहक महानुभावमा अनुरोध
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा
- समयमै पत्रिका प्राप्त नभएमा
- ग्राहक बन्नु परेमा
- विज्ञापन दिनु परेमा

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल, ९, मिलनचोक, रुपन्देही
फोन: ०७१, ५३६००५

- अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका नि:शुल्क वाईफाई प्रयोग नगरौं
- अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं
- सुरक्षित रुपमा वित्तीय कारोबार गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२५ | अंक-३१४ | २०८२ कार्तिक २१ गते शुक्रबार | 7 November.- 2025 Friday | पृष्ठ ४ | मूल्य रु. ६।-



*पाँच वर्षमुनिका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाउँदै सैनामैना नगरपालिकाको बनकट्टा चोकमा स्वास्थ्यकर्मीहरु। कार्तिक २० र २१ गते दुई दिन गरी पाँच वर्ष मुनिका करिब २७ लाख बालबालिकालाई भिटामिन 'ए' र २४ लाख बालबालिकालाई जुकाको औषधी खुवाउने सरकारको लक्ष्य छ। तस्विर: अमृत गिरी/मेचीकाली*

# रवि र छविको मुद्दामा पुराना मिसिल झिकाउन आदेश

बुटवल, कार्तिक २० (मेसस) । उच्च अदालत तुलसीपुर, बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दाको फाइल जिल्ला अदालतबाट झिकाउन आदेश भएको छ ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा बुटवलको गते तोकिएको पेसी जोशीका कानुन व्यवसायीको निवेदनका आधारमा सुनुवाइ स्थगित भएको थियो । त्यसअघि लामिछानेको मुद्दामा न्यायाधीशद्वय मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले एकै प्रकृतिका मुद्दा भएकाले जोशीसमेतको दुवै मुद्दा एकैसाथ राख्न आदेश दिएको थियो ।

बिगोबमोजिमको रकम आफ्नो भागको बिगो रकम दाखिल गर्दा जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि गत भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गराउनुभएको थियो । लामिछानेले त्यसको चार भागमध्ये आफ्नो भागको एक भागबराबर बिगो बराबरको रु.दुई करोड ७४ लाख ८४ हजारको बैंक जमानत निवेदनसाथ पेस गरेका थिए । गत साउन २६ गते जिल्ला अदालतका





सुप्रिम सहकारी संस्थाको रकम ठगी र सङ्गठित अपराध अभियोगमा थुनामा रहेका उनीहरुको सुनुवाइका लागि बिहीबार पेसी तोकिएको थियो ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा न्यायाधीश वासुदेव आचार्य र ओमप्रसाद अर्यालको १ नम्बर इजलासमा जिल्ला अदालत रुपन्देहीले जारी गरेको आदेश र अन्य फाइल मगाउने आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिए ।

यसअघि यही कार्तिक १३ बुझाइ थुनाबाहिरै बसेर मुद्दा लड्न सभापति लामिछानेले माग गरेकामा उच्च अदालतले उनीसँगै जोशीको फाइल पेस गर्न आदेश दिएको थियो । यसअघि सभापति लामिछानेको मुद्दामा उच्च अदालत बुटवलले नै कैफियत प्रतिवेदन माग गर्ने आदेश दिएको थियो ।

बुटवलको सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई रु.१० करोड ९९ लाख ३६ हजार सामूहिक बिगो कायम गरेर अभियोगपत्र दायर गरिएको छ । सहकारीमा अपचलन गरेको न्यायधीश नारायण सापकोटाको इजलासले लामिछानेको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो ।

लामिछानेले जस्तै जोशीले त्यति नै बिगोबापतको जमानत पेस गरेका थिए तर दुवै प्रतिवादीको हकमा उनीहरूको भागमा कति बिगो कायम हुने भन्ने नै यकिन नभएकाले रिहा गर्न नमिल्ने एकै प्रकृतिको आदेश जिल्ला अदालतले गरेको थियो । पुर्पक्षका लागि लामिछानेलाई ललितपुरको नख्खु कारागारमा र जोशीलाई भैरहवा कारागारमा राखिएको छ ।

# तरकारीसहित पशुजन्य पदार्थमा नवलपरासी परनिर्भर

■ हरि शर्मा



परासी, कार्तिक २० । तरकारीसहित पशुजन्य पदार्थमा नवलपरासी जिल्ला बाहिरकै भर पर्नुपर्ने बाध्यता रहेको तथ्याङ्कले देखाएको छ । खाद्यान्न र फलफूलमा भने जिल्ला आत्मनिर्भर छ ।

खाद्यान्नमध्ये चामल, गहुँ र मकै जिल्लाबासीले उपयोग गरेर पनि बचत हुने गरेको छ। केरा उत्पादन बढी हुने भएकाले फलफूलमा आत्मनिर्भर देखिएको छ । तर, तरकारीसहित दाल र तेलमा भने बाहिरकै भर पर्नुपरेको कृषि ज्ञान केन्द्र परासीका प्रमुख डाक्टर रविन्द्रनाथ चौबेले जानकारी दिए ।

पशु उत्पादनका सबै पदार्थमा भने जिल्लाबासीले बाहिरकै आपुर्तिबाट धान्नु परेको छ। अन्डा, मासु, माछा, दुधलगायतका पशुजन्य पदार्थमा जिल्लाको उत्पादन अपुग रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपरासीका प्रमुख (मत्स्य विकास निर्देशक) दिपक भुसालले जानकारी दिए ।

खाद्यान्नतर्फ धान, गहुँ र मकैको कुल उत्पादन १ लाख ३५ हजार ५८ मेट्रिकटन रहेको छ । जिल्लाको जनसंख्याअनुसार आवश्यक खाद्यान्न ७३ हजार १५७ मेट्रिकटन खपत हुने गरेको छ । १४ हजार ४१३ मेट्रिकटन बचतमा रहेको कृषि ज्ञान केन्द्रका प्रमुख चौबेले बताए ।

फलफूल ३९ हजार ८५२ मेट्रिकटन उत्पादन हुने गरेको छ । जसमा १२ हजार १२५ मेट्रिकटन खपत भई २७ हजार ७२० मेट्रिकटन बचत रहेको छ। केराको प्रतिशतले आत्मनिर्भर देखिएपनि अन्य फलफूलको उत्पादन न्यून छ ।

त्यसैगरी तरकारीमा १६ हजार ७१३ मेट्रिक टन अपुग छ। दलहन (दालबाली) ६ हजार ५९७ र तेलहन (तेलबाली) ५ हजार ८ मेट्रिक टन अपुग रहेकाले बाहिरकै भरपर्नु परेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

**दुधदेखि मासुसम्म सबै बाहिरकै भर**

पशुजन्य सबै पदार्थमा जिल्ला परनिर्भर रहेको छ। राष्ट्रिय तथ्याङ्कअनुसार एकजना व्यक्तिलाई वार्षिक १४ केजी मासु आवश्यक रहेकोमा नवलपरासीको उत्पादनले प्रति व्यक्तिलाई ११ केजी मात्र पुगेको छ। बाँकी ३ केजी बाहिरबाटै आएकाले पूर्ति गर्नुपर्ने अवस्था रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख भुसालले जानकारी दिए । त्यस्तै ४८ गोटा अण्डा आवश्यकमा जिल्लाको उत्पादनले अझै २९ गोटा अपुग छ ।

त्यसैगरी ९१ लिटर दुध आवश्कतामा जिल्लाको उत्पादनले ७१ लिटर मात्र पुगेको छ। बाँकी २० लिटर बाहिरकै भर पर्नुपरेको छ। माछामा वार्षिक ४ केजी एक व्यक्तिलाई अपुग छ। साढे सात केजी माछा आवश्यक हुनेमा जिल्लाको उत्पादनले साढे ३ केजी मात्र धानेको  कार्यालय प्रमुख भुसालको भनाइ छ ।

# बेमौसमी वर्षाले लुम्बिनीमा झण्डै साढे १३ करोडको धानबाली नष्ट

बुटवल, कार्तिक २० । गत हप्ताको बेमौसमी वर्षाका कारण लुम्बिनी प्रदेशमा १३ करोड ४३ लाख मूल्य बराबरको धानबालीमा पूर्ण क्षति भएको छ । वर्षाले लुम्बिनीका १२ जिल्लामध्ये ७ जिल्लाका ८९६ हेक्टरमा लगाइएको धानबाली क्षति भएको हो ।



३ हजार ४ सय ६३ रुपैयाँ ८१ पैसा प्रति क्विन्टल समर्थन मूल्य र ४.३३ मेट्रिक टन प्रति हेक्टर उत्पादकत्वका आधारमा यो क्षति भएको प्रदेश कृषि विकास निर्देशनालयका सूचना अधिकारी वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले जानकारी दिए । यो वर्ष लुम्बिनी प्रदेशमा २ लाख ९८ हजार १० हेक्टरमा धान रोपिएकोमा प्रारम्भिकरूपमा संकलन भएको विवरणअनुसार कुल बालीको ०.३० प्रतिशत धान पूर्णरूपमा क्षति भएको अधिकृत गैरेले बताए ।

निर्देशनालयका अनुसार सबैभन्दा बढी रुपन्देहीको २४० हेक्टर र सबैभन्दा कम बर्दियामा ५ हेक्टरको धानबाली पूर्ण क्षति भएको छ । बढी क्षति हुने जिल्लामध्ये दोस्रोमा गुल्मीको २२२ हेक्टर, तेस्रोमा नवलपरासी पश्चिमको २०१ हेक्टर र चौथोमा कपिलवस्तुको १४४ हेक्टरको धानबाली पूर्णरूपमा क्षति भएको छ ।

यस्तै अर्घाखाँचीमा ५३ हेक्टर र पाल्पामा ३२ हेक्टर खेतको धान बालीमा पूर्ण क्षति भएको छ। 'प्रतिशतमा हेर्दा थोरै भएपनि किसानको व्यक्तिगत धान खेतीको हिसाब गर्दा किसानका लागि यो पनि ठूलै क्षति हो ।,' निर्देशनालयका प्रमुख रामप्रसाद पाण्डेले भने, 'यो प्रारम्भिक विवरण हो, अब प्रदेशका पालिका र किसान समेतको यकिन तथ्यांक केही दिनमा आउँछ ।'

प्रदेशमा एक लाख ६९ हजार ३ सय १५ हेक्टर अर्थात् ५६.८२ प्रतिशत धानबाली विना क्षति थन्काइएको र एक लाख २१ हजार २ सय १५ हेक्टर अर्थात् ४०.६७ प्रतिशत धान काट्न बाँकी रहेको निर्देशनालयका वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले जानकारी दिए । काटेर खेतमा राखेकामध्ये ७ हजार २५० हेक्टर अर्थात २.४३ प्रतिशत धानबाली भिजेको उनले बताए। प्रदेशका दाङ, बाँके, रोल्पा, प्युठान र रुकुमपूर्वमा धान बालीमा हालसम्म क्षति नभएको निर्देशनालयले जनाएको छ ।



